नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या:- ६४८ मिति :- २०७२/९/२२

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय एवं इजाजतपत्रप्राप्त “क” र राष्ट्रियस्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय:- विभिन्न निकायलाई आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा प्रदान गर्ने वारे ।

महाशय,

निम्न लिखित निकायहरुले विभिन्न प्रयोजन (जस्तैः माल बस्तु वा उपकरण आयात, सदस्यता शुल्क, सेवा शुल्क, मर्मत शुल्क, विज्ञापन, वायुयानहरुको भाडा वा लिज वा लिज पर्चेजको भुक्तानी, इन्जिनको रेण्टल चार्ज, फेरी फ्लाईट खर्च, जहाजको इन्जिन तथा पार्टपुर्जाहरुको मर्मत तथा ओभरहल शुल्क, स्टल भाडा, प्रसारण सेवा शुल्क, ट्रान्सपोण्डर शुल्क, भीस्याट शुल्क, डाँक सेवा शुल्क, छपाई शुल्क, डेमुरेज चार्ज, कानूनी सेवा शुल्क, दैनिक तथा भ्रमण भत्ता, परामर्श सेवा शुल्क, प्राविधिक सेवा शुल्क आदि) को लागि विदेशी मुद्राको सटही सुविधा माग गरेमा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही त्यस्तो सटही सुविधा तहाँबाट सोझै प्रदान गर्न सक्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमति गर्ने) ऐन २०१९ (संशोधित सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालयहरु आदि
२. नेपाली जङ्गी अड्डा
३. जनपद प्रहरी
४. शसस्त्र प्रहरी
५. नेपाल वायुसेवा निगम
६. नेपाल आयल निगम
७. नेपाल विद्युत प्राधिकरण
८. रेडियो नेपाल
९. नेपाल टेलिभिजन
१०. राष्ट्रिय समाचार समिति
११. नेपाल नागरिक उड्डयन प्राधिकरण

१२. नेपाल दूरसञ्चार प्राधिकरण

१३. त्रिभुवन विश्वविद्यालय

१४. राष्ट्रिय खेलकूद परिषद

१५. व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र

१६. नेपाल पर्यटन बोर्ड

**शर्तहरु :**

(क) माग भएको सटही रकमलाई पुष्टि गर्ने सम्झौता (Agreement) वा बीजक (Invoice) वा अन्य Documentary Evidence अनिवार्य रुपले संलग्न गरेको हुनुपर्नेछ ।

(ख) यस्तो सटही सुविधाको भुक्तानीको माध्यम सम्वन्धित निकायको माग वमोजिमको एकाउण्टपेयी ड्राफ्ट वा टि.टि. वा एल/सी हुनेछ ।

(ग) माल बस्तु आयात गर्ने प्रयोजनको लागि **ड्राफ्ट टि.टि. मार्फत आयात गर्न पाइने सीमा** भन्दा बढीको हकमा प्रचलित यवस्था अन्तर्गत रही प्रतितपत्रको माध्यमबाट मात्र प्रदान गर्नु पर्नेछ ।

(घ) अफिसियल भ्रमणको सिलसिलामा भारत वाहेक तेस्रो मुलुक जाने सम्वन्धित निकायका व्यक्तिहरुको लागि प्रदान गरिने दैनिक भ्रमण भत्ता वा भैपरि खर्च वा भ्रमण खर्च बापतको रकमको हकमा सम्वन्धित निकायको माग वमोजिमको भुक्तानीको माध्यम हुनेछ ।

(ङ) प्रचलित व्यवस्था अनुसार कर लाग्ने किसिमका भुक्तानी (जस्तैः वायुयानको लिज वा भाडा, रोयल्टी, कमिशन, प्राविधिक सेवा शुल्क, परामर्श सेवा शुल्क, प्रशारण सेवा शुल्क, तालीम शुल्क र अन्य कुनै पनि सेवा शुल्क (Service Charge), मर्मत तथा ओभरहल शुल्क, विज्ञापन आदि) को हकमा नियमानुसार लाग्ने अग्रिम आयकर जम्मा गरेको प्रमाणित कागजात अनिवार्य रुपले संलग्न गरेपछि मात्र त्यस्तो सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

(च) विदेशमा लगी मर्मत तथा ओभरहल गरेका माल बस्तु, पार्टपुर्जा वा उपकरण आदिको मर्मत तथा ओभरहल शुल्क बापतको रकम भुक्तानी गर्नु पूर्व ती सामानहरु सम्वन्धित मुलुक पठाउँदाको निर्यात प्रज्ञापनपत्र, एयरवे बिल र भन्सार महशुल दाखिला गरेको निस्सा अनिवार्य रुपले संलग्न गरेको हुनु पर्नेछ । साथै, मर्मत तथा ओभरहल भै नेपाल भित्रिएपछि सोको भन्सार प्रज्ञापनपत्र पनि अनिवार्य रुपले पेश गर्न लगाउनु पर्नेछ ।

(छ) भुक्तानी पठाउँदा सम्वन्धित बेनिफिसियरी (Beneficiary) को नाउँमा मात्र भुक्तानी पठाउनु पर्नेछ ।

(ज) यस्तो सटही सुविधाको बेनिफिसियरी (Beneficiary) विदेशस्थित कार्यालय, संघ, संस्था नै हुनुपर्नेछ । विदेशस्थित व्यक्ति विशेषलाई बेनिफिसियरी बनाउन मिल्ने छैन ।

(झ) मालवस्तु आयात गर्ने प्रयोजनको लागि प्रचलित व्यवस्था अन्तर्गत वि.वि.नि.फा.नं.हरु जारी गर्नु पर्नेछ ।

(ञ) यो व्यवस्था अन्तर्गतको सटही सुविधाबाट भारतमा भुक्तानी गर्न मिल्ने छैन ।

तर, नेपाल सरकारका मन्त्रालय/विभाग/कार्यालय, नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरीबाट कुनैपनि प्रयोजनको लागि विदेशी मुद्राको सटही सुविधा माग भइ आएमा उक्त निकायको माग अनुसारको रकम (भुक्तानी माध्यमसमेत) **नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय मार्फत** सोझै सटही प्रदान गर्न सकिनेछ ।

यस बैंकबाट जारी भएका देहाय बमोजिमका परिपत्रहरू खारेज गरिएको छ। साथै, खारेज गरिएका परिपत्र बमोजिम भए गरेका काम कारवाही यसै परिपत्र बमोजिम भए गरेको मानिनेछ।

इ.प्रा.परिपत्र संख्या : ३९४ मिति : २०६३/१२/११

इ.प्रा.परिपत्र संख्या : ४४६ मिति : २०६४/२/१६

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

१. श्री गभर्नरको कार्यालय।
२. श्री डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग।
५. श्री नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय।
६. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग।
७. श्री बैंक सुपरिवेक्षण विभाग।
८. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
९. श्री आन्तरिक लेखा परीक्षण विभाग।
१०. श्री सूचना प्रविधि विभाग।
११. श्री नेपाल बैंकर्स एशोसिएसन।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ।
१४ श्री नेपाल उद्योग परिसंघ।